नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाण्डौं

(स्थानीय तह समन्वय शाखा)

पत्र संख्याः २०८२/०८३

चलानी नं.: ३९४

मितिः २०८३/०१/११

नेपाल संवत् ११४६

विषयः आवश्यक जानकारी एवं कार्यार्थ पठाइएको।

श्री गाउँपालिका (सबै),

श्री नगरपालिका (सबै)।

यस मन्त्रालयको गुनासो व्यवस्थापन केन्द्रमा प्राप्त दर्ता नं. ६५२, मिति २०८३/०१/११ को कार्यपालिका बैठकका निर्णयहरु वेबसाइटमा व्यवस्थापन गर्ने/गराउने सम्बन्धी गुनासो निवेदन आवश्यक जानकारी एवं कार्यार्थ पठाइएको व्यहोरा आदेशानुसार अनुरोध छ।

१/११

(दीपेश कट्टेल)

शाखा अधिकृत

बोधार्थः

श्री सूचना प्रविधि शाखाः Website मा Upload गरिदिनुहुन।

श्री सुशासन प्रबर्द्धन शाखा (गुनासो व्यवस्थापन केन्द्र), संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार, काठमाण्डौं।

**Zimbra** **gunaso@mofaga.gov.np**

## कार्यपालिका बैठकको निर्णयहरु अनिवार्य रूपमा वेबसाइटमा ब्यबस्थापन सम्बन्धमा ।

**From :** Dilip yadav Yadav <dilipnobel@gmail.com> Fri, Apr 24, 2026 08:24 AM

**Subject :** कार्यपालिका बैठकको निर्णयहरु अनिवार्य रूपमा वेबसाइटमा ब्यबस्थापन सम्बन्धमा । 1 attachment

**To :** gunaso@mofaga.gov.np

**CAUTION:** This email originated from outside of the organization. Do not click links or open attachments unless you recognize the sender and know the content is safe.

गुनासो व्यवस्थापन केन्द्र
दर्ता नं.: ८८२
२०८२।०१।११

8 AM

नमस्कार,

माननीय मन्त्री श्री प्रतिभा रावल ज्यू,
सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरवार , काठमाण्डौ।

विषय: विगत देखि हाल सम्मको कार्यपालिका बैठकको निर्णयहरू वेबसाइटमा ब्यबस्थापन गरी दिने सम्बन्धमा।

हालको नयाँ पुस्ताले खोजेको नयाँ नेपाल सरकारको निर्देशन अनुसार सेवा प्रवाहमा आर्थिक पारदर्शिता, निष्पक्षता र जवाफदेहिता तथा विधिको शासन सुनिश्चित गर्नको लागि देश भरीको स्थानीय तहहरुमा कार्यपालिका बैठकहरूमा हुने निर्णयहरु धेरै जस्तो स्थानीय तहहरुले वेबसाइट मा राखेको देखिँदैन त्यसैले हजुर संग विन्रतापूर्वक अनुरोध गर्न चाहन्छु कि एउटा पत्र मार्फत कार्यपालिका बैठक भए कै दिन अनिवार्य रूपमा संघीयता लागू भए पछि आर्थिक वर्ष २०७४/०७५ देखि हाल सम्मको सम्पूर्ण कार्यपालिका निर्णयहरु अनिवार्य रूपमा वेबसाइटमा अपलोड गर्न लगाई ब्यबस्थापन कार्यमा सहयोग पुर्याई सार्वजनिक सेवा प्रवाहमा विधिको शासन सुनिश्चित गरी देश विकासमा आवश्यक सहयोग पुर्याई दिनुहुन अनुरोध छ ।

देश प्रेमी युवा